# स्थानीय राजपत्र

## जानकी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड :९** **संख्या : २** **मिति २०८२/०४/२६**

# भाग-२

## जानकी गाउँपालिकाको नगर प्रहरी नियमावली, २०८२

पारित मिति : २०८२/०४/२६

**प्रस्तावना :-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिकाको नगर प्रहरी ऐन, २०८१ को दफा १९ को अधिनमा रहि जानकी गाँउ कार्यपालिकाले यो नगर प्रहरी नियमावली, २०८२ बनाई लागू गरेको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "जानकी गाँउपालिकाको नगर प्रहरी नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) “गाँउपालिका” भन्नाले जानकी गाँउपालिकालाई सम्झनु पर्दछ।

(ग) “गाउँ कार्यपालिका” भन्नाले जानकी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) “मुख्य कार्यालय” भन्नाले गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “समिति” भन्नाले जानकी गाँउपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

(च) “नगर प्रहरी” भन्नाले जानकी गाँउपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(छ) “पद” भन्नाले म्याद नतोकिएको गाँउपालिकाको गाउँसभा द्धारा स्वीकृत पदलाई सम्झनु पर्दछ।

(ज) “परिवार” भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेत लाई जनाउँछ।

(झ) “भत्ता” भन्नाले जानकी गाँउपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

(ञ) “आर्थिक वर्ष” भन्नाले प्रत्येक वर्ष श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

(ट) “सभा” भन्नाले जानकी गाँउपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(ड) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले गाँउपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) “जवान” भन्नाले असई बाहेकका प्रहरी जवान सम्झनु पर्छ।

(ण) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी असई र जवानलाई सम्झनुपर्छ।

## परिच्छेद -२

३. नियमावलीको व्याख्या गाँउपालिकाले गर्ने : (१) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) को सम्वन्धमा गाँउ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

४. नगर प्रहरी सेवाको गठन : गाँउपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या गाउँपालिकाको संगठन सर्वेक्षण प्रतिवेदनले तोके बमोजिम हुनेछ ।

५. गाँउपालिकामा रहने नगर प्रहरीको पद र तहः

(१) गाउँसभाले तोकेको पद र तह रहनेछन ।

(२) गाँउपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न लगाई पेश गर्ने ।

(२) गाँउपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी अनुगमन समिति मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(४) गाँउपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन अनुगमन समिति मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु चौपाया नियन्त्रणमा लिई उचित व्यवस्थापन गर्ने, गराउने ।

(६) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(७) कानूनले निषेध गरेका पशुपंक्षी, जीव जन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै, जरिवाना समेत गर्न राय साथ गाउँपालिकामा पेश गर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाडन् लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१०) वडा समिति, टोल (गाउँ) सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(११) गाउँपालिकाको गाउँकार्यपालिका, विषयगत समिति, उपसमिति, शाखा तथा उपशाखाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(१२) पालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) जानकी गाँउपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीति तथा नियमले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना सहित कारवाही गर्ने ।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने।

(१६) गाउँपालिकाले सञ्चालन गर्ने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सुची राख्न लगाउने तथा चेक गर्ने ।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायहरु स्वीकृत मापदण्ड बमोजिम संचालन भए/नभएको विषयमा अनुगमन गर्ने र मापदण्ड अनुरुप संचालन नभएको पाईएमा कारवाहीको लागि गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

(१९) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२०) जानकी गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिको बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२२) गाउँमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(२३) जानकी गाउँपालिका क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

(२४) दमकल (फाएर बिग्रेड) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाँउमा तुरुन्त राहत कार्यमा सहयोग पुर्‍याउने ।

(२५) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(२६) गाउँपालिका मातहतका शाखा, उपशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(२७) जानकी गाउँपालिका अर्न्तगतका शाखा, उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२८) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(२९) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४

## तह विभाजन र पदपूर्ति

### ७. पद सृजना तथा दरवन्दी खारेज :

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सृजना तथा खारेजी गाउँसभाको निर्णय वमोजिम हुनेछ ।

(२) सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

**८. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :** (१) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ ।

(क) नगर प्रहरी हवल्दार

(ख) नगर प्रहरी जवान

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी पदपूर्ति गर्दा महिला कोटाको व्यवस्था गर्न सकिनेछ ।

**९. नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**(१) नगर प्रहरी हवल्दार र प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् ।**

(क) दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पुगी ३० वर्ष ननाघेको ।

(ख) **नगर प्रहरी हवल्दारको हकमा** मान्यता प्राप्त शैक्षिक संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको र **प्रहरी जवान पदको लागि मान्यता प्राप्त** शैक्षिक संस्थाबाट कक्षा (८) उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेका ।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको लागि घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३ इन्च र तौल ५० केजी भएको र महिलाहरुको लागि घटीमा उचाई ५ फिट, तौल ४२ केजी भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र प्राप्त ।

(२) नगर प्रहरी छनौट सम्बन्धी पाठ्यक्रम गाउँपालिकाको कार्यालयले स्वीकृत गरे बमोजिम हुनेछ ।

**१०.पदपूर्ति समिति** : गाँउपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीको पदपूर्ति समिति हुनेछ । नगर प्रहरीहरुको नयाँ पदपूर्ति तथा छनौट प्रकृयामा सहजिकरणको लागि जिल्ला प्रहरी कार्यालय वा नजिकको ईलाका प्रहरी कार्यालयलाई अनुरोध गर्न सकिनेछ र उक्त कार्यालयले तोके बमोजिमको समितिले नै नगर प्रहरीको छनौट गर्नेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(ग) परीक्षाको किसिम तोक्ने ।

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(ङ) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(च) नियुक्ति लागि सिफारिस गर्ने ।

(छ) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

## १२. योग्यताक्रम सूची तयार गर्ने :

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति गर्ने अधिकारीले सात दिनभित्र नियुक्ति पत्र दिनेछ ।

## परिच्छेद - ५

## गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

१३. गाउँपालिका प्रशासनको नियन्त्रण रहने :नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१४. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने : गाउँपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

१५. कारवाही गर्दा परामर्श लिनेः कुनै पनि नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ६

### विदा

### १६. विदा अधिकारको कुरा होइन

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदा : वर्षमा १२ दिन मात्र (सट्टा बिदा बाहेक)

**१७. सट्टा विदाः** कुनै पनि सार्वजनिक विदाको दिन डयूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन ।

१९.**विदा दिने अधिकारीः** नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतलाई विदा दिने अधिकार हुनेछ ।

**१८. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

## परिच्छेद-७

## आचरण

१९. **दान उपहार लिन नहुने** : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाँउपालिकाको पूर्व स्वीकृत विना कुनै संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बाकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

२०. **चन्दा लिन नहुने** : कुनै नगर प्रहरी कर्मचारीले गाँउपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुँदैन ।

२१. **सम्पत्तिको विवरण दिनुपर्ने** : (१) वहालमा रहेको नगर प्रहरी कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ६० दिनभित्र गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालयमो सम्पत्तिको विवरण बुझाउनु पर्नेछ ।

२२. **व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति वेगर देहायका काम गर्नु हुँदैन :

(क) कुनै व्यापार गर्न नहुने,

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन नहुने,
(ग) कुनै व्यवसाय चलाउन नहुने ।

२३. **गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरी कर्मचारीले गाउँपालिका द्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

२४. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियो द्वारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

२५. **गाउँपालिकाको आलोचना** : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँबासीमा खलल् पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

२६. **निर्वाचनमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

२७. **राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नु हुँदैन ।

२८. **समय पालन र नियमितता** : नगर प्रहरी कर्मचारीले कार्यालयले तोकेको समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको स्वीकृति नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

२९. **अनुशासन र आज्ञापालन :**

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका कर्मचारीले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफुभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

३०. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफुभन्दा माथिका कर्मचारीहरु माथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

३१. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध :** नगर प्रहरी कर्मचारीले मुलुकी देवानी सहिताको विबाह सम्बन्धि व्यवस्था बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद - ८

### सजाय र पुनरावेदन

३२. **सजाय** : उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) नसिहत दिने ।

(ख) शारीरिक थकाई हुने (fatigue) सजाय गर्ने ।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(घ) तल्लो तहमा घटुवा गर्ने ।

(ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(च) भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(छ) भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

३३. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि

निजले  काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय  लेखिनेछ ।

३४. **तलब वृद्धि** : नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक  नभएमा सजाय गर्ने अधिकारीले निजको तलब रोक्का गर्न सक्नेछ ।

३५. **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले  कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क)अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र  दायित्व पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) वरावर अनुशासनहीनताको काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित  भएमा ।

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै  मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

(च) भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

## ३६. सजाय सम्बन्धी कार्यविधि :

(१)नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२)नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख  गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका  दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो  नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाइको र  प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।  तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क गर्न असम्भव  भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस नियम  वमोजिमको कार्यविधिको रीत  पुर्‍याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित  भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा  सजाय गर्ने अधिकारीले निजलाई लागेको सजायको  बारेमा सूचनाको जानकारी दिनुपर्नेछ ।

(ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(ग) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृत द्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्ना राय समेतको प्रतिवेदन तथा भएको सबुद प्रमाण पेश गर्नु पर्नेछ ।

(घ) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।

**३७. सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएका स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद-९

## तलब तथा भत्ता सम्बन्धी व्यवस्था

**३८.** तलब भत्ता : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र खाजा भत्ता गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद १०

## कायम मुकायम र कार्यवाहकको व्यवस्था

### ३९. निमित्त भई काम गर्ने व्यवस्था :

(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना नबढ्ने गरी कुनै कारणले नगर प्रहरी प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका ज्येष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नु पर्नेछ ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

**४०. काम गरेको अवधिको तलब भत्ता** : कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको

तलब भत्ता र राशन पाउने छ तर पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा एक तह नबढ्ने गरी कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद-११

**४१. तालिम को व्यवस्था** : (१) नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन जानकी गाँउपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार तालिम दिन सकिनेछ ।

(२) तालिम संचालन हुने स्थान गाँउपालिकाले तोकिएको स्थानमा हुनेछ ।

(३) तालिमको अवधि जानकी गाँउपालिकाले तोके बमोजिम हुनेछ ।

४२.**तालिमको अनिवार्यता** :

(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

४३. **प्रशिक्षार्थीले पाउने सुविधा** :

(१) प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

४४.**प्रारम्भिक पोशाक** :(१) सबै नयाँ भर्ना हुने नगर प्रहरी प्रमुख, हवल्दार तथा जवानहरुलाई गाउँकार्यपालिकाको कार्यालयबाट प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक जानकी गाँउपालिकाले दिनेछ ।

**४५. तालिममा सामेल गराउने संख्या :** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी कर्मचारीहरु तोक्नेछन्।

**४६. प्रशिक्षण भत्ताः** (१) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

(२) अतिथि प्रशिक्षकहरुको पारिश्रमिक गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

**४७. आन्तरिक तालिमः** एक पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १२

### पोशाक

**४८.नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँकार्यपालिकाको ऐनमा तोके बमोजिम हुनेछ ।

**४९. प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**५०.जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

**५१.तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा**ः नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम रकम दिइनेछ ।

## परिच्छेद १३

### विविध

५२. आदेश र निर्देशनः ऐन र यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरिटोपन ल्याउने विषय,

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था,

**५३. पुरस्कार** : नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गर्न सकिनेछ ।

**५४. चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष निजको मुख्य चाडपर्व मनाउने समयमा उपलब्ध गराउन सकिनेछ ।

**५५. बाधा अड्काउ फुकाऊः** जानकी गाँउपालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस नियमावलीमा व्यवस्था भएको हदसम्म यसै नियमावली बमोजिम हुनेछ । यस नियमावलीमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ र सो नियमावलीमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

**५६. नियमावली संशोधन :** यस नियामवलीमा आवश्यक संशोधन कार्यपालिकाबाट गर्न सकिनेछ ।

आज्ञाले
भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत